म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १५८ २०८१ वैशाख १७ गते सोमबार 29 April 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## सञ्चालन अनुमति र नवीकरणका लागि आएनन् एम्बुलेन्सहरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा सञ्चालनमा रहेका एम्बुलेन्सहरू अनुमति नवीकरण गर्न नआएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ को दफा ११ र १४ मा एम्बुलेन्स सञ्चालन अनुमति नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

सोहीअन्तर्गत् मकवानपुरमा सञ्चालनमा रहेका एम्बुलेन्स सञ्चालकहरुले सञ्चालन अनुमति एवम् नवीकरण नगरिकन एम्बुलेन्स सञ्चालन गरेको बुझिएको कार्यालयले जनाएको छ । जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति मकवानपुरको २०८० मंसिर २० गतेको बैठकको निर्णय अनुसार पुस १७ गते एक सूचना जारी गर्दै एम्बुलेन्स नवीकरण गराउन आग्रह गरेको थियो ।

जिल्लाभित्र सञ्चालित एम्बुलेन्सहरुले ६० दिनभित्र निर्देशिकाबमोजिम मापदण्ड पूरा गरी एम्बुलेन्स सञ्चालन अनुमति तथा नवीकरण प्रमाणपत्र लिई एम्बुलेन्स सञ्जाल (१०२) मा आबद्ध हुनसमेत सबै एम्बुलेन्स सञ्चालकलाई कार्यालयले जानकारी गराएको थियो । सूचना प्रकाशित भएको अवधिमा सञ्चालन अनुमति तथा नवीकरण नगरेको पाइएमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ को दफा १७ बमोजिम कारबाही हुनेसमेत कार्यालयले जानकारी गराएको थियो ।

तर, मकवानपुरमा भने एकमात्र एम्बुलेन्सले सूचना जारी भएपश्चात् नवीकरणका लागि आएको कार्यालयले जनाएको छ । देशभर सञ्चालित एम्बुलेन्सहरुलाई प्रेषण केन्द्रमार्फत् एकीकृतरूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । एम्बुलेन्समा राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्रद्वारा मान्यता प्राप्त आकस्मिक स्वास्थ्य सेवासम्बन्धी तालिमप्राप्त चालक र स्वास्थ्यकर्मी हुनुपर्नेछ । एम्बुलेन्समा आवश्यक उपकरण र औषधी अनुसूची ४ मा तोकिए बमोजिमको हुनुपर्नेछ ।

मकवानपुरमा क, ख र ग वर्गका गरी ५० वटा एम्बुलेन्स सञ्चालनमा रहेको बताइएको छ । जिल्लामा क वर्गको एम्बुलेन्स एउटा, ख वर्गको एम्बुलेन्स १३ वटा र ग वर्गको ३६ वटा एम्बुलेन्स सञ्चालनमा रहेका छन् । जिल्लामा रहेका एम्बुलेन्सलाई एकीकृत गरी सबै एम्बुलेन्सलाई सरकारी संस्थाअन्तर्गत् आवद्ध गर्ने उद्देश्यले स्वास्थ्य कार्यालयले एम्बुलेन्स सञ्चालन अनुमति तथा नवीकरण गर्न आग्रह गरेको हो ।

## नेकपा एसमा दाहाल

समाज संवाददाता

हेटौंडाः नेकपा (एकीकृत समाजवादी) मकवानपुरको नवौं अधिवेशनले विष्णु दाहालको अध्यक्षतामा ५८ सदस्यीय जिल्ला कमिटी निर्विरोध निर्वाचित गरेको छ । दाहाल यसअघि पनि जिल्ला अध्यक्ष रहनुभएको थियो ।

शनिबार र आइतबार हेटौंडामा भएको पार्टीको नवौं जिल्ला अधिवेशनबाट जिल्ला कमिटीको उपाध्यक्षमा कल्पना विक, सचिवमा ध्रुव भुजेल तथा उपसचिवमा टंक मुक्तान, कविन पन्त र बेगम बराल निर्विरोध निर्वाचित भएका छन् । जिल्ला कमिटीको कार्यकाल तीन वर्षको रहनेछ । जिल्ला कमिटीमा एक उपाध्यक्ष र एक सदस्य पछि मनोनयन गरिने भएको छ ।

शनिबार पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले अधिवेशनको उद्घाटन गर्नुभएको थियो । अधिवेशनको उद्घाटन समारोहको पूर्वसन्ध्यामा शुक्रबार मोटरसाइकल ऱ्याली निकालिएको थियो । शनिबार दिउँसो अधिवेशनको उद्घाटन समारोह अघि हेटौंडामा ऱ्याली निकालिएको थियो ।

हार्दिक बधाई तथा शुभकामना !



यस विद्यालयका सहायक प्रधानाध्यापक, साहित्यकार/बालसाहित्य अभियन्ता **दीपक गौतम** आँचल साहित्य कलापुञ्ज मकवानपुरद्वारा **"सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान-२०८०"** बाट सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सिर्जनशील जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ईश्वरप्रसाद लामिछाने (प्रिन्सिपल)
रमिला सापकोटा अध्यक्ष, विद्यालय व्यवस्थापन समिति

ऋषिराम पोखरेल
अध्यक्ष, ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.
एवम् ज्ञानदीप शिक्षा निकेतन मावि परिवार
हेटौंडा-५, मकवानपुर

## कार्यतालिका अनुसार कार्यपालिका बैठक बस्न सकेन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठक कार्यतालिका अनुसार बस्न सकेन । उपमहानगरपालिकाले प्रत्येक महिनाको २ र १६ गते कार्यपालिका बैठक बस्ने कार्यतालिका बनाएको भए पनि आइतबार कार्यपालिका बैठक बस्न नसकेको हो ।

उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको व्यस्तताका कारण कार्यपालिका बैठक बस्न नसकेको बताइएको छ । कार्यपालिका बैठक सोमबार दिउँसो ३ बजे बस्नेछ । एक वडा अध्यक्षले भन्नुभयो, 'अन्यत्र ठाउँमा जानुपर्ने थियो, आज कार्यपालिका बैठक भनेर बसेको थिएँ तर कार्यपालिका बैठक बस्न सकेन, मेयर सापको पार्टीको जिल्ला अधिवेशनले गर्दा भ्याउनुभएन रे बैठक भोलि दिउँसो ३ बजे बस्ने जानकारी आएको छ ।'

हेटौंडा उपमहानगरपालिको कार्यपालिका बैठक कार्यतालिका अनुसार नियमित बस्न सकिरहेको छैन । कार्यपालिका बैठकका निर्णय पनि नियमित सार्वजनिक हुने गरेको छैन ।

## थाहाका तामाङसहित तीन जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको तीन जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुर, धादिङ र रामेछापका एक-एक जना रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार दिउँसो ३ बजेको समयमा धादिङको धुनीवेशी नगरपालिका-२, गैराबारीमा लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरको थाहा नगरपालिका-१, खानीगाउँका ४४ वर्षीय राजकुमार तामाङ रहेका छन् । गौरीबारीमा दिदीको घरमा बस्दै आएका तामाङ खानेपानीको पाइप पुरेर फर्किने क्रममा भीरबाट ५० मिटर तल खस्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । शनिबार साँझ ७ बजेर १० मिनेटको समयमा शव मुचुल्कापश्चात पोष्टमार्टमका लागि काठमाडौंस्थित टिचिङ अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

यस्तै धादिङको थाक्रे गाउँपालिका-३ स्थित चौफाँटमा आगोले जलेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँका ६७ वर्षीय हरी बहादुर तामाङ रहेका छन् । शुक्रबार दिउँसो ३ बजेको समयमा घरदेखि ५ सय मिटर पर रहेको आफ्नै बारीमा पात पतिङ्गर जलाउने क्रममा अचानक तामाङको शरीरमा आगो सल्किदा घाँटी र बायाँ खुट्टा आगोले डढेको थियो । तामाङ मृत फेला परेको भनी शनिबार साँझ ७ बजे प्रहरीमा खबर प्राप्त भएपछि आइतबार बिहान जिल्ला प्रहरी कार्यालयबाट मुचुल्कासहित टोली खटिएको जनाएको छ ।

यस्तै शनिबार रामेछापमा सवारी दुर्घटनामा हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मन्थली नगरपालिका-१ स्थित हाटेचौरकी ३५ वर्षीय सरस्वती माझी रहेकी छन् । शनिबार राति १० बजेर १५ मिनेटको समयमा मन्थली बजारबाट तीनलाल पार्कतर्फ जाँदै गरेको बा ७२ प ९१७२ नम्बरको स्कुटर आफै अनियन्त्रित भएर दुर्घटना स्कुटर चालक माझी गम्भीर घाइते भएकी थिइन् । घाइते माझीलाई उपचारका लागि मन्थली अस्पताल लगिएकोमा उपचारको क्रममा राती ११ बजेर २३ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

हार्दिक आभार



**नेपाल औषधी व्यवसायी संघ** बागमती प्रदेश समितिको हेटौंडामा शनिबार सम्पन्न **दोस्रो अधिवेशन**बाट मलाई दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित गराउन मतदान गर्नुहुने, साथ, सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । अधिवेशन व्यवस्थापनमा कुशलता प्रदर्शन गर्ने मकवानपुर जिल्ला शाखाप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । अध्यक्षको जिम्मेवारीमा रहेर व्यवसायी मित्रहरुको व्यावसायिक हित र संरक्षणमा सदैव जिम्मेवार भएर काम गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

ध्रुबनारायण श्रेष्ठ, अध्यक्ष
नेपाल औषधी व्यवसायी संघ
बागमती प्रदेश समिति

हार्दिक बधाई



नेपाल औषधी व्यवसायी संघ बागमती प्रदेश समितिको हेटौंडामा शनिबार सम्पन्न दोस्रो अधिवेशनबाट **ध्रुबनारायण श्रेष्ठको** अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं । मकवानपुर जिल्लालाई आतिथ्यको अवसर प्रदान गरेको प्रदेश समितिप्रति कृतज्ञता समेत व्यक्त गर्दछौं ।

नारायण लाल श्रेष्ठ, अध्यक्ष
एवम् औषधी व्यवसायी संघ मकवानपुर

## सम्पादकीय

# लगानी सम्मेलनको प्रभावकारिता

आर्थिक विकासमा पछि नै परिरहेको नेपालमा तेस्रो लगानी सम्मेलन सुरु भएको छ । आइतबारबाट सुरु भएको लगानी सम्मेलन दुई दिनसम्म चल्नेछ । प्रत्यक्ष वैदेशिक लगानी ल्याएर कलकारखाना, उद्योगधन्दा स्थापनालगायत आर्थिक उन्नयनका परियोजना कार्यान्वयन गर्ने लक्ष्यका साथ आयोजना भएको सम्मेलनमा करिब ५० देशका एक हजारभन्दा बढी लगानीकर्ता सहभागी भएका छन् । सम्मेलनका नेपालका ३८५, चीनका २६५ र भारतका १४३ जना सहभागी छन् । संयुक्त राज्य अमेरिकाका, जापान, संयुक्त अधिराज्य, बंगलादेश, युएई, जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, मलेसियाका लगानीकर्ता सहभागी छन् । यस्तै, पाकिस्तान, सिंगापुर, कतार, घाना, साउदी अरब, फ्रान्स, बहराइन, स्वीटजरल्यान्ड, फिनल्यान्ड, रुस, अस्ट्रिया, श्रीलंका र कोलम्बिया, फिलिपिन्स, कुवेत, क्यानडा, मौरिसस, बेलारुस, बेल्जियमलगायत देशबाट लगानीकर्ता सहभागी भएका हुन् । लगानी सम्मेलनमा लगानी बोर्डले तयार पारेका ९ खर्ब रुपैयाँ बराबरका एक सय ५१ परियोजना प्रस्तुत गरिएको छ ।

सरकारले २०७३ सालमा प्रधानमन्त्री पुष्पकमल दाहालकै पालामा पहिलो लगानी सम्मेलन गरेको थियो । सो सम्मेलनमा करिब ३० खर्ब रुपैयाँका एक सय बढी परियोजनालाई "शोकेस"मा राखेको भए पनि निकै न्यून लगानी आएको थियो । २०७५ चैत १५ र १६ गते केपी शर्मा ओलीको प्रधानमन्त्रीत्वकालमा भएको दोस्रो लगानी सम्मेलनमा सरकारले २३ खर्ब रुपैयाँका परियोजनाहरु प्रस्ताव गरेकोमा ९३ अर्बको अरुण तेस्रो परियोजनामात्र अगाडि बढ्यो । सरकारले निकै तामझामका साथ आयोजना गर्ने लगानी सम्मेलनले प्रत्यक्ष वैदेशिक लगानी बढाउन खासै सहयोग नगरेको विगतको अनुभवले देखाएको छ । लगानी सम्मेलनमा लगानीकर्ताहरुले प्रतिबद्धतामात्रै जनाउने तर, कार्यान्वयन नगर्ने परिपाटी रहेको पाइन्छ । ठूला आयोजनामा विदेशी लगानी आकर्षित गरेर आर्थिक विकासको आधारशीला तयार पार्ने लक्ष्यका साथ गरिने लगानी सम्मेलनले आशातित सफलता पाउन नसकेको यथार्थबाट पाठ सिक्नु आवश्यक छ ।

नेपालमा वैदेशिक लगानी वृद्धि गर्न लगानी सम्मेलन गर्नुभन्दा पनि लगानीमैत्री वातावरण बनाउन सरकार अग्रसर हुनुपर्ने आवश्यकता छ । सरकारले विभिन्न कानुनी तथा नीतिगत जटिलता कम गर्दै लगानीमैत्री वातावरण बनाइदिने हो भने नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता पक्कै आकर्षित हुनेछन् । लगानी सम्मेलन मुलुकको साझा कार्यक्रम बन्न सकेको छैन । दीर्घकालीन र लगानीमैत्री कानुनी तथा नीतिगत व्यवस्थाप्रति राजनीतिक दलहरु एकजुट हुन सकेका छैनन् । लगानी सम्मेलनको तयारी करिब एक वर्ष अघिबाटै हुँदा पनि सरकारले लगानी सम्मेलनको पूर्वसन्ध्यामा अध्यादेशबाट थुप्रै ऐन, कानुन संशोधन गर्नुले सरकारको कमजोरी देखिएको छ । लगानी सम्मेलन देशको आवश्यकता हो भने संसदबाट समयमै आवश्यक ऐन निर्माण वा संशोधन हुनुपर्थ्यो । विदेशी लगानी ल्याएर देशलाई समृद्ध बनाउन मुलुकका राजनीतिक दलहरु एकमत नहुँदासम्म विदेशी लगानीकर्ता कसरी ढुक्क हुने ?

विश्वका दुई ठूला अर्थतन्त्र भएको भारत र चीनको बिचमा रहेको नेपालमा लगानीका लागि पहिलो प्राथमिकता भारतीय र चिनियाँ लगानीकर्तालाई नै दिनु आवश्यक छ । छिमेकीले विश्वास नगर्दासम्म तेस्रो मुलुकले नेपालमा लगानी गर्न विश्वस्त बन्ने सम्भावना निकै कम हुन्छ । सरकारले दुई-चार वर्षको अन्तरालमा लगानी सम्मेलन गर्ने, धेरै विदेशीले खरबौं रुपैयाँको लगानी प्रतिबद्धता जनाउने तर, कार्यान्वयन शून्यप्राय: हुने अवस्था हुँदासम्म वैदेशिक लगानी वृद्धि गर्न सकिँदैन । पछिल्लो दश वर्षमा वार्षिक औसतरुपमा ३५ अर्ब रुपैयाँ विदेशी लगानी भित्रिरहेको अवस्थामा जारी लगानी सम्मेलनले कति लगानी थप गर्ला ? ग्यारेन्टी छैन । विगतमा जस्तो लगानी प्रतिबद्धता गर्ने तर कार्यान्वयनमा नल्याउने हो भने जतिसुकै तामझामका साथ लगानी सम्मेलन गरे पनि प्रभावकारी हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय मध्यमकारक देखिने समय छ । |
| वृष | : स्नेह र रोमाञ्चकता बढ्ने समय योग देखिन्छ । |
| मिथुन | : रोकिएका कामहरु पुन: सुचारु हुने योग छ । |
| कर्कट | : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । |
| सिंह | : समझदारीले हरेक समस्याहरु पूर्ण हुने समय छ । |
| कन्या | : उदेश्य र आकांक्षा पूर्ण हुने समयको योग देखिन्छ । |
| तुला | : साहित्कि कृत्यमा सरिक भइने समय योग छ । |
| वृश्चिक | : प्रगति र विकासका द्वारहरु बन्द रहने समय छ । |
| धनु | : विश्वासको संकट आइपर्ने समय योग छ । |
| मकर | : योजनाहरु कार्यान्वयन गर्ने समय योग छ । |
| कुम्भ | : रोजगारीको नयाँ अवसर प्राप्त हुने समय छ । |
| मीन | : कर्मप्रति समर्पित र प्रतिष्ठा कमाइने समय योग छ । |

# लगानी र व्यापारको क्षेत्रमा देशमा के भइरहेको छ ?



✍पदम भण्डारी



बेलायतका प्रसिद्ध कूटनीतिज्ञ तथा प्रखर वक्ता विस्टर्न चर्चिलको भनाइअनुसार 'निराशावादी व्यक्ति हरेक अवसरमा समस्या देख्छ । तर, आशावादी व्यक्ति भने हरेक समस्यामा अवसर देख्छ ।' विस्टर्न चर्चिलका अनुसार हामी नेपाली धेरै निराशावादी भयौं र समस्यामात्र देख्न थाल्यौं । हरेक चियागफ, मेलापात, कार्यालयदेखि ठूलठूला सभा-सम्मेलन तथा विश्वविद्यालयहरूको मञ्च तथा प्रांगणसम्म पनि अर्काको कुरा काट्ने, निराशा पोख्ने, असन्तुष्टि जनाउने, आलोचना र नकारात्मक टीकाटिप्पणी गर्नेहरूको जमात ठूलै देखिन्छ ।

नेताले केही गरेनन्, देश लुटेर खाए, कर्मचारीहरू कोही गतिला छैनन्, सबै भ्रष्टाचारमा लिप्त भए, प्रहरीको त झन् कुरा गरेर साध्य नै छैन, चिकित्सकको त के कुरा, आफ्नो व्यावसायिक मर्यादामा बस्ने गरेकै छैनन् । यस्ता चरम अविश्वास र असन्तुष्टि व्यक्त गर्नेहरू सबैतिर भेटिन्छन् । इन्टरनेटको सहज उपलब्धता, बढ्दो सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरूमा रंगिने अनेकौं नकारात्मक विचार यत्रतत्र फैलिइरहेका छन् । जे-जस्ता नकारात्मक कुरा फैलिए पनि नेपालमा थुप्रै सकारात्मक काम पनि भइरहेका छन् । विगत केही महिनाभित्र भएका काममात्र हेर्ने हो भने पनि नेपालमा विदेशी लगानी र व्यापारको क्षेत्रमा थुप्रै काम भएका छन् ।

नेपालबाट चालु आर्थिक वर्षको पहिलो आठ महिनामा फलाम तथा स्टिलका उत्पादन, सिमेन्ट, अदुवा, तयारी पोसाक र औषधिजन्य जडीबुटीको निर्यातमा उल्लेख्य वृद्धिसँगै उच्च मूल्यका वस्तुको निर्यात ४.८५ प्रतिशतले बढेको छ । नेपाल व्यापार एकीकरण रणनीतिअन्तर्गत वस्तुको निर्यात आम्दानी ६६ अर्ब पुगेको छ । नेपाल व्यापार एकीकरण रणनीतिमा २० वटा उत्पादन र सेवाहरू थप्दा यो वृद्धिमा योगदान पुगेको छ ।

सरकारले सन् २०२६ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रको श्रेणीबाट उत्तीर्ण गर्ने तयारीका लागि निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने लक्ष्यका साथ काम गरिराखेको छ, जसमा विभिन्न मन्त्रालय र निकायबाट महत्वपूर्ण लगानी र एकीकृत सहयोगको खाका तयार भइराखेको छ । उद्योगमन्त्रीको नेतृत्वमा रहेको राष्ट्रिय कार्यक्रम कार्यान्वयन एकाइअन्तर्गत समन्वयात्मक प्रयास भइरहेकाले निर्यातलाई थप वृद्धि गर्ने पहल भइरहेको छ । यसमा गुणस्तर परीक्षणका लागि सीमा नाकाहरूमा प्रयोगशाला स्थापना गर्न आवश्यक पहलहरू भइराखेका छन् ।

बढ्दो प्रदूषणका कारण बुद्धको जन्मस्थल लुम्बिनीमा उद्योगधन्दा खोल्न स्थानीय सरकारले रोक लगाएपछि नवलपरासी र भैरहवाबीचको व्यापारिक तथा औद्योगिक क्षेत्र भुमही-भैरहवा करिडोरमा लगानीकर्ताको चासो बढेको छ । उक्त करिडोरमा भारतीय भन्सार कार्यालय, पूर्व-पश्चिम राजमार्गसँग जोड्ने सहायक बाटो र कच्चा माल आयात-निर्यातको सहजता छ । विगत दुई वर्षमा तीन दर्जनभन्दा बढी कारखाना सञ्चालनमा आएका छन्, जसले हजारौं कामदारलाई रोजगारी दिएको छ । करिडोरको फाइदाजनक यातायात सञ्जाल, विशेष गरी महेशपुर भन्सारले लगानीकर्ताहरूलाई आकर्षित गरेको छ र भैरहवालाई वीरगन्जको प्रतिद्वन्द्वीका रूपमा स्थापित गरेको छ ।

महेशपुर भन्सारमा पूर्वाधार विकासको क्रम जारी छ । स्थानीय सरकारहरूले लगानीमैत्री वातावरण सिर्जना गर्नुका साथै दक्ष कामदार तयार पार्न तालिमको व्यवस्था गरेका छन् । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का महासचिवले संगठन स्वतन्त्र व्यापार सम्झौतालाई अन्तिम रूप दिन नजिक पुगेको बताएका छन् । दक्षिण र दक्षिणपूर्वी एसियाका सात सदस्य राष्ट्रको प्रतिनिधित्व गर्ने बिमस्टेकले क्षेत्रीय सहयोग र आर्थिक एकीकरणलाई अभिवृद्धि गरेको छ । यसले शुल्क र अन्य व्यापार अवरोधहरू घटाएर सदस्य राष्ट्रबीचको व्यापारलाई सहज बनाएको छ । यसको विकासले क्षेत्रीय आर्थिक सहयोगमा प्रगति भएको छ, जसले सदस्य राष्ट्रबीच व्यापार र लगानीका अवसरहरू बढाएको छ ।

सरोकारवालाहरूले नेपालमा जलवायुसम्बन्धी समस्या सम्बोधन गर्न समर्पित संयन्त्रको स्थापनासँगै जनशक्ति, क्षमता र कार्यादेश वृद्धि गर्न पहल गरिरहेका छन् । विश्वव्यापी रूपमा तेह्रभन्दा बढी जलवायु कोषको अस्तित्वका बाबजुद नेपालले दक्ष जनशक्ति अभावले तिनीहरूलाई पूर्ण रूपमा पहुँच गर्न चुनौतीहरूको सामना गरिरहेका बेला राष्ट्रिय मान्यताप्राप्त एजेन्सीहरूले विश्व जलवायु वित्तमा नेपालको पहुँच बढाउने प्रयास गरिरहेका छन् । नीतिगत अनिश्चितता, अपर्याप्त समन्वय र सीमित चेतनाजस्ता विभिन्न चुनौतीले स्थितिलाई सहज पार्न सरकारले काम गरिरहेको छ । सुदृढ समन्वय र स्रोत परिचालनका लागि प्रधानमन्त्री कार्यालय मातहतको समर्पित एकाइ स्थापना गर्ने तयारी भइरहेको छ । नेपालले यो दशकमा महत्वपूर्ण जलवायु वित्त प्राप्त गर्ने वातावरणको सृजना भएको छ । प्रदेशहरूबीचको बजेट विनियोजनमा सुधार भएका छन्, जसबाट जलवायु परिवर्तनलाई सम्बोधन गर्नु एउटा महत्वपूर्ण उपलब्धि हासिल भएको छ, जसमा ठोस प्रयास र पर्याप्त लगानी जुट्ने सम्भावना बढेको छ ।

नेपाल र चीनबीच बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) कार्यान्वयन योजनालाई तीव्रता दिने गरी बीआरआई परियोजनालाई तीव्रता दिन सहमति भएको छ । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र उहाँका चिनियाँ समकक्षी वाङ यीबीच भएको प्रतिनिधिमण्डलस्तरीय भेटमा उक्त प्रतिबद्धता नवीकरण भएको हो । विगतमा असहमति र राजनीतिक पुनर्मिलनका कारण ढिलाइ भए पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को हालैका पहलहरूले योजना कार्यान्वयनमा तीव्रता दिने सहमति भएको छ । चीनले आर्थिक सहयोगका लागि हस्ताक्षर गर्न र काठमाडौं चक्रपथ सुधारलगायत परियोजनाका प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिएको छ ।

नेपाल आयल निगमसँगको सहकार्यमा काठमाडौं विश्वविद्यालयको प्रयोगशालाले पानीबाट सफलतापूर्वक हाइड्रोजन उत्पादन गरी सवारी साधनको इन्धनका रूपमा प्रयोग गर्नु महत्वपूर्ण उपलब्धि हो, जुन नेपालका लागि ऐतिहासिक क्षण हो । प्रयोगशालाका प्रमुख डा. विराजसिंह थापाले यो कोसेढुंगालाई देशमा हाइड्रोजनका लागि ऐतिहासिक दिनका रूपमा स्वागत गरेका छन् । नेपालमा पानी र बिजुलीको प्रचुर मात्रामा स्वदेशी उत्पादन भएकाले देशमा हाइड्रोजन प्रविधिको ठूलो सम्भावना छ । तर, सरकारले यस सम्बन्धमा नीति तर्जुमा गरे पनि हाइड्रोजन प्रयोग र सवारी साधन दर्ताका लागि विशेष कानुनको अभावजस्ता चुनौतीहरू यथावत् छन् ।

विश्वव्यापी रूपमा डिजिटल माध्यमबाट आफ्नो कारोबार गर्ने जुन लहर चलेको छ, नेपालमा पनि यस क्षेत्रमा थुप्रै काम भएका छन् । संघीय सरकारको तहमा मात्र हैन, प्रदेशस्तरमा पनि डिजिटल कारोबारलाई प्राथमिकता दिइएको छ । कोसी प्रदेश सरकारले कृषि मूल्य सूचना प्रणाली सञ्चालनमा ल्याएको छ । कृषि व्यवसाय र उपभोक्ताको हितलाई ध्यानमा राखी कृषि मूल्य सूचना प्रणाली सञ्चालनमा ल्याइएको हो । त्यस्तै कोसी प्रदेश सरकारले रोजगारी र उद्यमशीलताका अवसरहरूको जानकारी दिने गरी 'श्रम संसार' नामक वेबसाइट तथा एन्ड्रोइड एप तयार पारेको छ । श्रम संसार, श्रम बजार सूचना प्रणालीको यस्तो जानकारी प्रदान गर्ने ठाउँ वा प्लेटफर्म हो, जसले रोजगारी र उद्यमशीलताका अवसरहरूको जानकारी प्रदान गर्छ ।

डिजिटल माध्यमबाट आफ्नो कारोबार गर्ने अर्थतन्त्रमा आधारित व्यवसायहरूको नेपालमा फस्टाउँदो व्यापार छ । यसले नेपालमा मात्र हैन, अमेरिका, बेलायत र अस्ट्रेलियामा समेत आफ्नो सेवा विस्तार गरेको छ । नेपालको अर्थतन्त्रको राजस्वको ठूलो हिस्सा यो लगभग ३० प्रतिशत, करिब ६० ट्रिलियन युएस डलर, डिजिटल प्लेटफर्मद्वारा मध्यस्थता हुने अनुमान गरिएको छ । यद्यपि, यस परिदृश्यमा सफलताका लागि इकोसिस्टम अर्केस्ट्रेसन र अभिनव व्यवस्थापन सीपसहित नयाँ क्षमता आवश्यक पर्छ ।

ठूला प्राविधिक फर्महरूको नियमन विश्वव्यापी रूपमा भिन्न हुन्छ, पश्चिमी राष्ट्रहरूले तिनीहरूको आर्थिक प्रभावलाई रोक्न अग्रिम उपायहरू अपनाएका छन् । विश्व बैंकले सन् २०२४ मा नेपालको अर्थतन्त्र ३.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ ।

नेपालले भन्सार अपराध रोक्न सूचना तथा कागजात आदानप्रदान गर्ने उद्देश्यले व्यापारिक गतिविधिलाई सहज बनाउन भारतसँग भन्सार पारस्परिक सहयोग व्यवस्थाको प्रस्ताव गरेको छ । वीरगन्जमा प्यानल छलफलका क्रममा अर्थमन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले यो सम्झौताले चुहावट घटाउन सकिने बताए । यसैबीच वीरगन्जका व्यापारीहरूले अनियमितता र भन्सार नियममा बारम्बार परिवर्तनका कारण राजस्व चुहावटजस्ता चुनौतीहरू औंल्याए । नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले वीरगन्ज, हेटौंडाजस्ता सहरमा बढ्दो विद्युत् माग पूरा गर्ने योजनाबारे छलफल गरेका थिए । तर, औद्योगिक वृद्धि र उद्यमीमा विश्वास बढाउन सरकारको स्थिर नीति आवश्यक पर्नेमा चिन्ता व्यक्त गरिएको थियो । चुनौतिका बाबजुद पनि सौर्य ऊर्जा उत्पादन र औद्योगिक सहरको रुपमा सम्भावित घोषणाजस्ता पहलका साथ वीरगन्जमा विद्युत् अभावलाई सम्बोधन गर्न र औद्योगिक विकासलाई प्रोत्साहन गर्ने प्रयास भइरहेका छन् ।

नेपालको सिमेन्ट उद्योग देशको वैदेशिक व्यापारमा महत्वपूर्ण खेलाडीका रूपमा उदाइरहेको छ, जसले फराकिलो व्यापारघाटालाई सम्बोधन गरेको छ । सरकारी नीतिहरूका कारणले आर्थिक वर्ष २०८०-८१ मा सिमेन्ट निर्यातमा पाँच गुणा वृद्धि भएको छ, जुन अघिल्ला वर्षहरूको तुलनामा उल्लेखनीय छ । सात महिनाको अवधिमा भारतमा मात्र करिब २.६ अर्ब रुपैयाँको निर्यात भएको छ । यस आर्थिक वर्षमा मासिक २९ करोड ५० लाखको यो वृद्धिले नेपालको वैदेशिक व्यापार प्रक्षेपणलाई पुनः आकार दिने उद्योगको सम्भावना देखाउँछ ।

सिमेन्टको उच्च मूल्य अभिवृद्धि प्रकृतिका बारेमा व्यवसायी नेताहरू आशावादी छन्, प्रभावकारी सरकारी सहयोगको साथमा उल्लेख्य निर्यात वृद्धिको पूर्वानुमान गर्दै छन् । अर्घाखाँची सिमेन्ट उद्योगले मात्र करिब २ अर्बको निर्यात गर्ने योजना गरेको छ, यसले सकारात्मक प्रवृत्तिलाई उजागर गरेको छ । सरकारी अनुदान र वन, खानी तथा भन्सार विभागजस्ता निकायहरूसँगको सहकार्य अवरोधहरू पार गर्न र प्रतिस्पर्धात्मकता बढाउन महत्वपूर्ण छन् । स्थानीय स्रोतसाधन र आधुनिक प्रविधिको सदुपयोग गर्दै नेपालको सिमेन्ट उद्योगले उपयुक्त सरकारी सहयोग र रणनीतिक पहलहरू दिएर व्यापारघाटा घटाउन र प्रमुख क्षेत्रीय आपूर्तिकर्ताको रूपमा स्थापित गर्ने क्षमता राखेको छ ।

आइटी उद्योगको विकासलाई प्रवर्द्धन गर्ने क्रममा कानुनी ढाँचाहरूको पालना सुनिश्चित गर्दै स्थितिलाई सुधार गर्न र सहयोगी व्यावसायिक वातावरण निर्माण गर्न सरकारले काम थालेको छ । आगामी लगानी सम्मेलनले नेपालमा आइटी क्षेत्रको वृद्धि र नवप्रवर्तनप्रति प्रतिबद्धतालाई संकेत गर्ने अवसर प्रदान गरेको छ । आर्थिक विकासको चालकका रूपमा आइटी उद्योगको सम्भाव्यतालाई जोगाउन, कर अनुपालन मुद्दाहरूलाई सम्बोधन गर्न र सन्तुलन कायम गर्न यसले महत्वपूर्ण भूमिका खेल्नेछ ।

छोटो समयमा भइरहेका यी गतिविधिलाई हेर्ने सकारात्मक दृष्टिकोण चाहिन्छ । सकारात्मक सोचको शक्तिले मात्र हामीलाई आफ्नो लक्ष्यमा प्रतिबद्ध बनाउँछ । सकारात्मक सोच भएका व्यक्तिले परिस्थिति जस्तोसुकै भए पनि आफूमा सकारात्मक सोच सिर्जना गर्न सक्छ । सकारात्मक सोचका चिन्तकहरूले परिस्थितिलाई यथार्थमा हेर्ने प्रयास गर्छन् । परिस्थिति सुधार गर्ने तरिका खोज्छन् । अनुभवबाट सिक्ने प्रयास गर्छन् ।

सकारात्मक सोचका साथ अघि बढ्ने हो भने नतिजा पनि सकारात्मक आउँछ । नकारात्मक सोचको उपज नकारात्मक नै हुन्छ । खुर्सानीको बोट रोपेर अंगुर फल्दैन । त्यसैले नकारात्मक मनोवाद गर्न बन्द गर्नु जरुरी छ ।

*(स्रोत: कारोबारदैनिक)*

# १५ वर्षमा एक लाख नेपाली पुगे कोरिया




काठमाडौं: बितेको १५ वर्षमा रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत एक लाख बढी नेपाली श्रमिक दक्षिण कोरिया पुगेका छन् । सन् २००७ मा कोरिया र नेपाल सरकारबीच नेपाली श्रमिक कोरिया लैजाने सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार सन् २००८ देखि नेपाली श्रमिकहरु ईपीएस प्रणाली अनुसार रोजगारीका लागि कोरिया जान थालेका थिए ।

हालसम्म ईपीएस प्रणाली मार्फत एक लाख एक हजार २६८ श्रमिक कोरियामा रोजगारीका लागि पुगेका छन् । अन्य मुलुकको तुलनामा आकर्षक सेवा सुविधाका भएकाले पनि कोरिया नेपाली युवाको आकर्षक श्रम गन्तव्यमा बनिरहेको छ । सन् २०२३ मा मात्र १९ हजार ६८९ नेपाली श्रमिक कोरिया पुगेका छन् । कोरियाले लिने भाषा परीक्षा उतीर्ण गरेर नेपालीहरु श्रमिकहरु कोरिया जान पाउँछन् ।

कम लागत र अन्य मुलुक भन्दा धेरै कमाइ हुने भएकाले पनि श्रमिकको प्रथामिकतामा कोरिया पर्ने गरेको ईपीएस कोरिया शाखाकी निर्देशक मैयाँ कडेल बताउँछन् । 'कोरियाले श्रमिक लैजाने प्रक्रिया एकदमै पारदर्शी छ । जि-टु-जी अर्थात सरकार-सरकारबीचको सम्झौता मार्फत पठाउने भएकाले सुरक्षित पनि छ', उनले भनिन्, 'अन्य मुलुक जान भन्दा लागत कम र कमाइ पनि धेरै हुने भएकाले कोरिया नेपाली युवाको रोजाइमा परिरहेको छ ।'

कोरिया जान धेरै नेपाली चाहन्छन् भन्ने कुरा भाषा परीक्षामा हुने सहभागिताले पनि देखाउँछ । सन् २०२३ मा मात्र भएको कोरियाली भाषाको परीक्षामा झण्डै ८० हजार नेपाली युवा सहभागी भएका थिए । कोरियाले यसअघि कृषि, पशुपालन तथा उत्पादनमूलक क्षेत्रमा नेपाली श्रमिक लैजादै आएकामा यसवर्ष पानी जहाज निर्माणको क्षेत्रमा पनि नेपालीलाई लिन थालेको निर्देशक कँडेल बताउँछिन् । उनले कोरियाले यसै वर्षदेखि सेवा क्षेत्र, रुट इन्डष्ट्री र वन क्षेत्रमा पनि श्रमिकहरु माग गर्न थालेको जानकारी दिइन् ।

कोरियाले नेपालबाट माग गर्ने श्रमिक संख्या पनि हरेक वर्ष बढ्दै गएको छ । पहिलो पटक सन् २००८ मा ईपीएस प्रणालीबाट दुई हजार ८१४ जना श्रमिक लगेको कोरियाले २०२३ मा मा झण्डै १९ हजार श्रमिक लगेको छ । नेपाली श्रमिक इमान्दार र मिहिनेती हुने भएकाले पनि कोरिया नेपालप्रति सकारात्मक भएको निर्देशक कँडेलले बताइन् । 'कोरियाले नेपालबाट नै सबैभन्दा धेरै श्रमिक लैजाने गरेको छ', उनले भनिन् । कोरियाले नेपाललाई सबैभन्दा धेरै श्रमिक पठाउन सफल भएको भन्दै पुरस्कृत समेत गरेको थियो ।

### कति कमाउँछन् ?

कोरियामा नेपालीहरुले साना उद्योग, कृषि क्षेत्र र पानी जहाज बनाउने काम गर्दै आएका छन् । कोरिया गएका नेपालीले मासिक २ लाखदेखि ६ लाख रुपैयाँसम्म कमाइ गर्न सक्ने निर्देशक मैयाँ कँडेल बताउँछिन् । 'श्रमिकको कामको प्रकृति, ओभर टाइम लगायतले पनि कमाइ कति हुने निर्धारण गर्छ', उनले भनिन्, 'तर न्यूनतम पनि एक जना श्रमिकको कमाइ दुई लाखबाट सुरु हुन्छ ।' उनका अनुसार एक जना श्रमिक कोरिया भाषा पास गरेर जाँदा दुई लाख रुपैयाँ खर्च लाग्ने बताउँछिन् । *स्रोत: अनलाइनखबर ।*


## श्री शारदा माध्यमिक विद्यालय

मकवानपुरगढी गाउँपालिका-५, धादिङ, मकवानपुर

**शिक्षक आवश्यकता**

*(सूचना प्रकाशित मिति २०८१-१-१६)*

यस श्री शारदा माध्यमिक विद्यालय मकवानपुरगढी-५ धादिङका लागि तपसिल बमोजिमको निजीश्रोत करार शिक्षक अङ्ग्रेजी माध्यमतर्फ पदपूर्ति गर्नुपर्ने भएकोले मिति २०८१/०१/१५ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार इच्छुक योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त दिनुहुन यो सुचना प्रकाशन गरिएको छ । साथै गाउँपालिकाको मिति २०८१/०१/१६ को पदपूर्ति अनुमतिले बालविकास सहजकर्ताका लागि पनि इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| क.स | विज्ञापन नं. | पद तह | संख्या | विषय | न्युनतम शैक्षिक योग्यता, | कै. |
|---|---|---|---|---|---|---|
| १. | १/२०८१ | शिक्षक आधारभुत तह | १ | अंग्रेजी | मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट मुख्य विषय अंग्रेजी लिई १२ कक्षा वा सोह सरह उत्तीर्ण | |
| २. | २/२०८१ | शिक्षक/आधारतभुत तह | १ | गणित | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय गणित लिई १२ कक्षा वा सो सरह उत्तीर्ण | |
| ३. | ३/२०८१ | शिक्षक/आधारभुत तह | १ | विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय विषय विज्ञान लिई १२ कक्षा वा सो सरह उत्तीर्ण | |
| ४. | ४/२०८१ | बालविकास सहजकर्ता | १ | | मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तीर्ण । | |

**वाञ्छनीय योग्यता**: माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरी शिक्षण अनुभव भएको ।
उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
सेवा सुविधा: विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार (थप यातायात खर्चको समेत व्यवस्था) । बालविकास सहजकर्ताको हकमा मन्टेश्वरी तालिम प्राप्त गरेकालाई प्राथमिक दिइनेछ । नेपाल सरकारले तोकेको सुविधामा थप सुविधा प्रदान गरिनेछ ।
आवेदन फारम दस्तुर रु ५००/ (पाँच सय रुपैयाँ)
परीक्षाको किसिम: लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक कक्षा अवलोकन ।
आवेदन फारम बुझाउने अन्तिम मिति २०८१/१/२३ गतेसम्म
सम्पर्क मिति: २०८१/१/२४ गते ।
परीक्षा मिति: सम्पर्क मितिमा जानकारी दिइनेछ ।
आवश्यकता कागजात: हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यकता तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

**थप जानकारीका लागि सम्पर्क नम्बर**
**मोबाईल नम्बर ९८५५०८८५१३, ९८४५१०२८८७**


**बुधबारे बालसाहित्य विशेषबारे**

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

# बालजागृतिका विद्यार्थीको आवाज

## नेपाल नै राम्रो



✎ **श्रेयश ढकाल**

नेपाल राम्रो देश हो । नेपाल एउटा चार वर्ण छत्तीस जातको साझा फूलवारी हो । यहाँ विभिन्न भेषभूषा, रहनसहन, जातजातिका मानिसहरु बसोबास गर्छन् । नेपाल प्राकृतिक रुपले भरिपूर्ण देश हो । नेपाल दक्षिण एसियामा भारत र चीनको बीचमा अवस्थित छ । नेपाललाई भौगोलिक हिसाबले मुख्यत: तीन भागमा विभाजन गरेर बुझ्ने गरिन्छ, हिमाल, पहाड र तराई । हिमाली क्षेत्रले ३५ प्रतिशत नेपालको जमिन ओगटेको छ । त्यसै गरी ४८ प्रतिशत जमिन पहाडी क्षेत्रले ओगटेको छ । तराई क्षेत्रले १७ प्रतिशत जमिन ओगटेको छ ।

सौन्दर्यले भरिपूर्ण धनी देश हो, जुन नेपाल एउटा त्यस्तो देश हो, जुन समुन्द्रसँग जोडिएको छैन । यो विकासोन्मुख देश हो । नेपालको कुल क्षेत्रफल एक लाख सत्चालीस हजार एकसय एकासी वर्ग किलोमिटर छ । नेपालमा धेरै नदी नालाहरु छन् । नेपाल जलस्रोतको धनी देश हो । यहाँ कोशी, गण्डकी र कर्णाली जस्ता नदीहरु छन् । नेपालमा ठूला–ठूला तालहरु पनि छन् । जस्तै: रुपा ताल आदि । नेपाल जलस्रोतको दोस्रो धनी देश हो । नेपालमा विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा पनि छ । नेपालमा धेरै जलविद्युतहरु पनि छन् । जसले धेरै बिजुली उत्पादन गर्दछ । बौद्ध धर्मको संस्थापक गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको थियो ।

*कक्षा-५*

## नेपालको सामाजिक रुपान्तरणमा राजनीतिक आन्दोलनको भूमिका

उन्नति र प्रगतिले शिखरलाई छुन्छ, सच्चा नागरिक देशमा भए देशको विकास हुन्छ ।

विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति भएका व्यक्तिहरु बसोबास गर्ने ठाउँलाई समाज भनिन्छ । समाज ल्याटिन भाषाको सोसिओस शब्दबाट बनेको हो जसको अर्थ मित्रता वा मेलमिलाप भन्ने बुझिन्छ ।

कुनै पनि क्षेत्रमा हुने सकारात्मक वा नकारात्मक परिवर्तनलाई सामाजिक रुपान्तरण भनिन्छ । सामाजिक रुपान्तरण व्यक्तिमा निर्भर हुन्छ । उचित समय र उचित स्थान, उचित काम गर्ने कला वा शासन नै राजनीति हो । राजनीतिलाई अंग्रेजीमा पोलिटिक्स भनिन्छ । राजनीति आफैंमा खराब हुँदैन ।

हाम्रो देश नेपालमा १०४ वर्ष राणा शासन भएको कुरा हामी सबैलाई अवगत नै छ । त्यो समयमा असल शासन थिएन जसले गर्दा जनताका छोराछोरीहरु श्रम शोषण, दबाबजस्ता कुराहरुबाट सताइनु पर्थ्यो । यी कुराले गर्दा नेपालको सकारात्मक रुपमा सामाजिक रुपान्तरण हुन सकेको थिएन । २००७ साल फागुन ७ गतेको दिन राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएपछि नेपालको मुहार फेरिन थाल्यो । यसबाट पनि हामीले प्रष्ट बुझ्न सक्छौं कि नेपालको सामाजिक रुपान्तरणमा आन्दोलनको महत्वपूर्ण भूमिका छ । यस लगत्तै नेपालमा २०४६ सालमा ४९ दिनको पहिलो जुन आन्दोलन गणेशमान सिंहको नेतृत्वमा भयो । त्यस्तैगरी २०६२/२०६३ सालमा दोस्रो जनआन्दोलन भयो जसले गर्दा नेपालमा आमूल परिवर्तन ल्यायो ।

२४० वर्षको राजतन्त्रको अन्त्य भई



✎ **इलिना देवकोटा**

२०६५ साल जेठ १५ मा गणतन्त्र स्थापना भयो । त्यसैगरी २०६४ सालमा पहिलो संविधान सभाको निर्वाचन भयो । २०७२ असोज ३ गते राष्ट्रपति रामवरण यादवद्वारा नयाँ संविधान जारी भयो । त्यसपछि जनताको हकहितको सुरक्षा राज्यको निर्देशक सिद्धान्तहरु, राज्यको नीति तथा दायित्व अनुसार कार्यान्वयन हुँदै यसले गर्दा सकारात्मक रुपमा नेपाली समाजमा परिवर्तन आएको छ । यदि यी राजनीतिक आन्दोलन नभइदिएको भए हिजोको नेपाल हिजो नै रहने थियो । जनताले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न समेत मुस्किल हुने थियो तर सफल राजनीतिक आन्दोलनले गर्दा हाम्रो देशमा ज्योति छाएको छ ।

अन्त्यमा, एक थुकी सुकी र सय थुकी नदी भनेझैं हामी सम्पूर्णले सही कुराका लागि पहल तथा आन्दोलन गर्नुपर्दछ । नेपालको अहिलेका अवस्थालाई हेर्दा दक्ष, इमानदार र योग्य व्यक्तिहरु सत्तामा पुग्नु आवश्यक छ । तब हामीले नेपाली समाजलाई धेरै अगाडि पुऱ्याउन सक्दछौं । नेपालको सामाजिक रुपान्तरणमा राजनीतिक आन्दोलनको महत्वपूर्ण भूमिका छ । आशा छ भोलिका दिनमा राजनीतिक उपलब्धीले नागरिकको जिवनस्तर सुधार्नेछ ।

*कक्षा-५*

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

**सम्पादक ।**

## अक्षर



✎ **कोशिका सापकोटा**

सानो सानो अक्षर
पढ्ने मेरो लक्षण

आकार ओकर लगाई
अक्षर राम्रो बनाई

अक्षर हो हाम्रो
बनाऊ सधैं राम्रो

शिक्षक पनि खुसी
कोही छैन दु:खी

हाम्रो एक सीप
बनाऊ सधैं दीप ॥

*कक्षा-५*

## चित्रकला




**मिमोसा मोक्तान, कक्षा-४**

# संघीय सरकारलाई कर्णालीका मुख्यमन्त्री कँडेलको ११ बुँदे सुझाव

काँक्रेविहार (सुर्खेत): कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले अन्तर सरकारी वित्त परिषद्को नवौं बैठकमा कर्णाली प्रदेश सरकारको तर्फबाट संघीय सरकारलाई ११ बुँदे सुझाव पेश गरेका छन् । सङ्घीय सरकारका अर्थमन्त्री वर्षमान पुनको अध्यक्षतामा सम्पन्न बैठकमा मुख्यमन्त्री कँडेलले कर्णालीको विकास र समृद्धिका लागि सुझाव पेश गरेका हुन् । सङ्घीय सरकारले बजेट तर्जुमा गर्दा प्रादेशिक सन्तुलन कायम गर्नुपर्ने उनको भनाइ छ ।

तुलनात्मक रुपमा पछाडि परेको कर्णाली प्रदेशमा सङ्घीय आयोजनाको सङ्ख्या अन्य प्रदेशको तुलनामा कम रहेकाले प्रदेशको आन्तरिक स्रोतसमेत न्यून भएकोमा सङ्घीय आयोजनाको वितरणमार्फत सन्तुलन कायम हुनुपर्ने उनले माग राखे । अहिलेको राजस्व बाँडफाँड र समानीकरण अनुदान वितरणको सुत्र कर्णाली प्रदेशलाई प्रभावकारी नभएकोले ठूलो र विकट भूगोल भएको क्षेत्र, मानव विकास सूचकाङ्कको अङ्कभार बढाउनुपर्ने बताए । जनसङ्ख्याको आधारमा बजेट बाँडफाड गर्दा कर्णालीलाई घाटा भएकाले भूगोललाई आधार बनाउन उनले सुझाव दिए ।

समानीकरण अनुदान बाँडफाँडका आधार पुनरावलोकन हुन जरुरी रहेको औँल्याउँदै उनले पूर्वाधार विकासको सूचकले पछाडि परेको प्रदेश र स्थानीय तहलाई थप पछाडि पार्ने अवस्थाको अन्त्य हुनुपर्ने बताए । खर्चको आवश्यकता र राजस्व क्षमताबीचको अन्तर पूरा गर्न समानीकरण अनुदान वितरण हुनुपर्ने भए पनि हाल यसको राम्रोसँग विश्लेषण नभएको उनको भनाइ छ । आन्तरिक राजस्वबाट धानिन सक्ने प्रदेश र आन्तरिक राजस्वको न्यून सम्भावना भएका प्रदेशमा जाने समानीकरण अनुदानमा खासै उल्लेख्य फरक नभएकाले झनै प्रादेशिक असन्तुलन बढेको भन्दै मुख्यमन्त्री कँडेलले यसतर्फ ध्यान दिन आग्रह गरे ।

सङ्घ सरकारले समानीकरण अनुदानको स्रोत दिएको आधारमा प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्ने भएकाले पछि राजस्व कम उठेको आधारमा समानीकरण अनुदान कटाउँदा प्रदेश र स्थानीय तहको बजेट प्रभावित भई खरिद प्रक्रियामा गइसकेका आयोजना एवं कार्यक्रम अलपत्र पर्ने गरेको उनको भनाइ छ । सुरुमा दिएको स्रोत अनुसारको रकम उपलब्ध गराएमा मात्र प्रभावकारी हुने मुख्यमन्त्रीको सुझावमा उल्लेख छ । सङ्घ सरकारले विगतमा प्रदेशमा हस्तान्तरण गरिएका आयोजना स्रोत अभावमा अलपत्र पारेको पीडा उनले सुनाए ।

कँडेलले आयोजना हस्तान्तरण गर्दा रकमसहित हस्तान्तरण गर्नुपर्ने पनि बताए । रकम विना आयोजना हस्तान्तरण भए प्रदेशले कार्यान्वयन गर्न नसक्ने उनको भनाइ छ । भेरी बबई डाइभर्सन आयोजनाको पानी तथा सिँचाइ लुम्बिनी प्रदेशलाई वितरण हुने भएकाले यसबाट उत्पादन हुने विद्युत् रोयल्टी कर्णाली प्रदेशलाई उपलब्ध गराउने व्यवस्था गर्न माग गरिएको छ । स्थानीय तहमा आवमा खर्च नभई बाँकी रहेको सशर्त, समपुरक र विशेष अनुदानको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउन सुझावमा भनिएको छ ।

सरकारको विगत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको र कर्णाली प्रदेशको राजधानी जोड्ने प्रदेश प्रवेशद्वारको रुपमा रहेको कोहलपुरदेखि सुर्खेतसम्मको रत्न राजमार्गलाई चार लेनको बनाउन बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाउन आग्रह गरिएको मुख्यमन्त्री कँडेलले बताए । कर्णाली प्रदेशको राजधानी सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति गरी सङ्घीय राजधानीसँग कर्णाली प्रदेशको हवाई पहुँच र आन्तरिक उडान विकास गर्न आवश्यक बजेटसहित कार्यान्वयन गर्न आग्रह गरेका छन् । कर्णाली प्रदेशमा राष्ट्रिय गौरवका आयोजना नभएकोले यहाँका आधा दर्जन आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषणा गरी छुट्टै कार्यान्वयन संरचनासहित आवश्यक बजेटको व्यवस्था मिलाउनु सुझावमा ध्यानाकर्षण गराइएको छ ।

राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषणा गर्नका लागि कर्णाली करिडोर (सुर्खेत देखि हुम्ला) भेरी करिडोर (सुर्खेतदेखि डोल्पा) कर्णाली राजमार्ग (कालिकोटदेखि मुगु-रारा हुँदै मुगुम कार्मारोङ्ग सम्म) रहेको छ । प्रदेशको दूत विकासका लागि बबई-चिसापानी, छिन्चु-बबई सुरुङ्गमार्गको अध्ययन गरी कार्यान्वयन गर्न आग्रह गरिएको छ । सुर्खेत उपत्यकामा खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि भेरी लिफ्ट खानेपानी आयोजनालाई दूत गतिमा सञ्चालनको व्यवस्था मिलाउन अनुरोध गरिएको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट प्रभावित क्षेत्रको जनस्तरमा अनुभूति हुने गरी समग्र क्षेत्रको पुनः निर्माणको प्रभावकारी कार्यक्रम र योजना ल्याउन सुझावमा आग्रह गरिएको उनले जानकारी दिए । *रासस/अनलाइनखबर ।*

# उत्कृष्ट ३ कृति सार्वजनिक

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले ३ वटा उत्कृष्ट कृति छनोट गरी सार्वजनिक गरेको छ । आइतबार एक सूचना प्रकाशन गर्दै संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले ३ वटा कृति सार्वजनिक गर्नुभएको हो ।

संगमले कृति सम्मान समर्पणका लागि मकवानपुरबाट २०७९ सालमा प्रकाशन भएकामध्ये उत्कृष्ट भएका ३ वटा कृति सार्वजनिक गरेको जनाएको छ । प्रकाश गुरागाईंको जक्सन पिपलबोट, दामोदर पुडासैनीको डोल्पो ओ डोल्पो र छवि अनित्यको शिक्षकको भाषा उत्कृष्ट कृतिमा पर्न सफल भएको छ । प्रकाशन भएको ३ कृतिहरुमध्ये सर्वोत्कृष्ट कृतिकारलाई संगमको कृति सम्मान २०७९ बाट सम्मान गर्नेछ ।

# कक्षा ११ को वार्षिक परीक्षा तालिका सार्वजनिक

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा ११ को वार्षिक परीक्षा तालिका सार्वजनिक गरेको छ । आइतबार सार्वजनिक गरिएको तालिकाअनुसार आगामी जेठ ८ गतेदेखि परीक्षा सञ्चालन हुनेछ । जेठ १८ गते शुक्रबारसम्म सञ्चालन हुने परीक्षा बिहान ७ बजेदेखि १० बजेसम्म हुने जनाइएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्रका विषयहरु पठनपाठन हुने गरेको छ । कक्षा ११ को परीक्षा विद्यालय तथा क्याम्पस आफैंले आन्तरिकरुपमा लिने व्यवस्था छ ।

# बकैयामा ७ ए साइड फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

बकैयाः मकवानपुरको बकैया गाउँपालिकामा दोस्रो संस्करणको ७ ए साइड फुटबल प्रतियोगिता हुने भएको छ । बकैयाको रिभर साइड युवा क्लबको आयोजनामा आगामी जेठ ५ गतेबाट प्रतियोगिता सुरु हुने भएको हो ।

नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा विभिन्न बाहिरी जिल्लाको टिमहरुले पनि सहभागिता जनाउन पाउनेछन् । प्रतियोगितामा सहभागी जनाउनका लागि टिमदर्ता शुल्क ३ हजार ५ रुपैयाँ तोकिएको छ । प्रतियोगितामा १५ देखि २० वटा टिमहरु सहभागी हुने आयोजकको अनुमान छ ।

प्रतियोगितामा सहभागी जनाउनका लागि जेठ ३ गतेसम्म टिमदर्ता गराइसक्नुपर्ने जनाइएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले २५ हजार रुपैयाँ र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

गत वर्षको प्रतियोगितामा ११ वटा टिमहरुको सहभागिता रहेको थियो । गत वर्षको प्रतियोगिताको उपाधि आयोजक हरियाल युवा क्लबले जितेको थियो भने तीनतले क्लब उपविजेता भएको थियो । प्रतियोगिता बकैया-४ स्थित हात्तीसुँडे खेलमैदानमा हुनेछ ।

# अमर माविमा ८१ जना नयाँ विद्यार्थी भर्ना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, चाइना क्वाटर स्थित अमर माध्यमिक विद्यालयमा ८१ जना नयाँ विद्यार्थी भर्ना भएका छन् । बैशाख २ गतेदेखि आइतबारसम्म ८१ जना नयाँ विद्यार्थी भर्ना भएका हुन् ।

६ सय ६३ जना पुराना विद्यार्थीहरु रहेको विद्यालयमा हाल ५ सय विद्यार्थीहरु नियमित विद्यालय आउने गरेको सूचना अधिकारी रमेशकुमार बर्तौलाले जानकारी दिनुभएको छ । गतवर्षको तुलनामा विद्यार्थीहरुको संख्या बढेको उहाँले बताउनुभएको छ ।

अभिभावक नभएका विद्यार्थीहरुका लागि पहिलादेखि नै निःशुल्क शिक्षा दिने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार अभिभावक नभएका विद्यार्थीहरुका लागि विद्यालयले निःशुल्क पुस्तक, विद्यालय पोशाक उपलब्ध गराउँदै आएको छ । ७५ प्रतिशत पुस्तक विद्यालयले वितरण गरिसकेको उहाँको भनाइ छ । विद्यालयमा नयाँ कार्यतालिका बनाएर सोहीअनुसार कडा अनुशासनका साथ राम्ररी पढाइ हुने गरेको उहाँले बताउनुभयो ।

# नेपाल उत्पीडित जातीय मुक्ति समाज वडा कमिटी गठन

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको भातृ संगठन नेपाल उत्पीडित जातीय मुक्ति समाजको वडा कमिटी गठन भएको छ । समाजले बकैया गाउँपालिका वडा नम्बर ४ मा कमिटी गठन गरेको हो ।

शनिबार गाउँपालिका कमिटीका अध्यक्ष अर्जुन सेन्चुरीको अध्यक्षता तथा जिल्ला कमिटीका उपाध्यक्ष पदम विकको प्रमुख आतिथ्यमा नयाँ कार्यसमिति चयन भएको हो । वडा कमिटीको अध्यक्षमा मञ्जु विक चयन हुनुभएको छ । विकको नेतृत्वमा १४ सदस्यीय कमिटी गठन भएको हो । कमिटीको उपाध्यक्षमा सुनिता सुनार, सचिवमा सीता विक, उपसचिवमा अस्मिता विक र कोषाध्यक्षमा दुर्गा र साइली चयन हुनुभएको छ । यस्तै, कमिटीको सदस्यहरुमा सावित्री विक, पार्वती परियार, अञ्जु विक, सुन्तलीमाया विक, चित्तमाया लुङ्गेली, पार्वती सुनार, चन्द्रमाया रसाइली, माया विश्वकर्मा र विक्रम सुनार चयन हुनुभएको छ । कमिटीको कार्यकाल ३ वर्षको हुनेछ । नेपाल उत्पीडित जातीय मुक्ति समाजले दलित समुदायको हक हितमा विभिन्न कार्य गर्दै आएको छ ।

# काठसहित मोक्तान पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले सालको काठसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको मकवानपुरगढी गाउँपालिका-२ का २५ वर्षीय आइतसिंह मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

प्रहरी चौकी शिव राईगाउँबाट खटिएको प्रहरी टोलीले गस्ती गर्दै जाने क्रममा आइतबार बिहान १ बजेको समयमा मकवानपुरको बागमती गाउँपालिका-२, भुर्कुसटोलबाट बा ५ ख ५४०० नम्बरको टिपरमा चिरान सालको काठ लोड गर्दै गरेको अवस्थामा फेला पारी टिपर चालक मोक्तानलाई पक्राउ गरेको हो । चिरान सालको १ सय ८७ पिस (२ सय १७.४२ क्यूफिट) काठसहित टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान र कारबाहीका लागि डिभिजन वन कार्यालय मकवानपुरमा पठाइएको जनाएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

सुवर्ण अवसर ! सुवर्ण अवसर ! सुवर्ण अवसर !

नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौँडा उपमहानगर पालिका, २ नम्बर वडा कार्यालयको सहयोगमा उद्यमशीलता तथा व्यावसायिक नविनतम् सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतीका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरण समेत गर्ने उद्देश्यका साथ हेटौंडामा नै पहिलो पटक "स्वरोजगार मेला (Self-Employment Expo)" को आयोजना हुन गइरहेको हुँदा हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनै पनि विषयमा न्युनतम कक्षा १२ उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यावसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/Proposal) संस्थाले उपलब्ध गराएको ढाँचामा आगामी वैशाख २५ गते भित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ट ३ वटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृत समेत गरिने जानकारी गराईन्छ ।

अवधारणा पत्र पेश गर्ने ठेगाना
संघको कार्यालयः नलेज भिलेज, नवलपुर, हेटौँडा-११
फोन नं.: ०५७-५२३८०२, मोवाइलः ९८५१०६००८१
इमेलः manbpchtd@gmail.com

हार्दिक बधाई



नेपाल औषधी व्यवसायी संघ बागमती प्रदेश समितिको हेटौँडामा शनिबार सम्पन्न दोस्रो अधिवेशनबाट अध्यक्षमा निर्वाचित **ध्रुबनारायण श्रेष्ठ**, मकवानपुरका व्यवसायी मित्र **सुधीर दाहाल** र **संघर्ष गुरुङ** प्रदेश समिति सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

भरत कार्की, प्रोप्राइटर
एवम् सेवक फर्मा परिवार
हेटौँडा-५, मकवानपुर

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## भुवनेश्वर सेवा समितिको
## ११औं साधारणसभा सम्बन्धी जरुरी सूचना

यस भुवनेश्वर सेवा समितिको ११औं साधारणसभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण आजीवन सदस्य ज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपसील**
मितिः २०८१ साल बैशाख १७ गते सोमबार
समयः बिहान १० बजे
स्थानः भुवनेश्वर मन्दिरको सभाहल, हेटौँडा-४

**जगन्नाथ पाण्डे**
**अध्यक्ष**

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरी, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ